प्रस्तावहरुः

१. मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयन गर्ने सम्बन्धमा ।
२. नेपाल प्रहरी र सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलन सम्बन्धमा ।
३. विविध ।

निर्णयहरुः

१. मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयनमा रहेको छ ।यसले विभिन्न सामाजिक अपराधहरुलाई पनि समेटी सजायको व्यवस्था गरेको छ ।यसै सन्दर्भमा मुलुकी अपराध संहिताको परिच्छेद १० ले भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर र सजायको व्यवस्था गरी कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा वापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्ने व्यवस्था समेत गरेको छ ।सोही व्यवस्था अन्तर्गत महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुदैन भनी अपराध संहिताले यस किसिमका कार्यहरुलाई निषेध गरी सजायको व्यवस्था गरेको अवस्था छ ।यस किसिमका अपराधजन्य कार्यहरु नेपालका विभिन्न भुभागमा भई रहेको सम्बन्धमा यस समितिको ध्यानाकर्षण भएको छ।यी र यस्तै प्रकृतिका अपराधहरुले व्यक्तिको मौलिक हक तथा मानव अधिकारको प्रचलनमा अवरोध सृजना गर्ने र सामाजिक तथा व्यक्तिगत जीवन र सुरक्षामा समेत नकारात्मक असर पार्ने हुन्छ ।यस किसिमका अपराधहरुको नियन्त्रणका लागि प्रभावकारी रुपमा अनुसन्धान र अभियोजन गरी कसूरदारलाई कानून बमोजिमको सजाय दिलाउन र पीडितलाई न्यायको महसुस गराउन अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुले सजग र सवेदनशील भई कार्य सम्पादन गर्नु पर्ने हुँदा मुलुकी अपराध संहिताले गरेका उल्लिखित कानूनी व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न मातहतका प्रहरी कार्यालय र सरकारी वकील कार्यालयहरुलाई निर्देशन दिने ।साथै देहाय बमोजिम गर्ने :

क. छाउपडी र अन्य भेदभाव तथा अपमानजन्य व्यवहारका विरुद्ध प्रदेश र स्थानीय तहका कार्यालयसँग समन्वयपूर्वक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने,

ख. छाउपडीका साथै भेदभाव तथा अपमानजनक व्यवहारका विरुद्ध प्रभावित क्षेत्रमा समुदायमा सरकारी वकील र समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने,

ग. सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला सरकारी वकील कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालयका प्रमुख रहेको एक संयन्त्र बनाई मुलुकी अपराध संहिताले परिभाषित गरेका सामाजिक विभेद र भेदभाव तथा अपमानजनक व्यवहार विरुद्धका कानूनले गरेका व्यवस्थाका सम्बन्धमा देशव्यापी रुपमा सचेतनामूलक अभियान सञ्चालन गर्न गृह मन्त्रालयमा लेखी पठाउने ।

२. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन मंसिर १४, १५ र १६ गते गर्ने यस समितिबाट तय भएकोमा उक्त समयमा नेपालका विभिन्न स्थानमा उप चुनाव रहेको र मंसिर १५ देखि २५ गतेसम्म सार्क खेलकुद रहेका कारण मंसिर महिनामा सम्पन्न गर्न नकिएकाले आगामी पौष ४, ५ र ६ गते गर्ने गरी तय गरिएको छ ।स्वीकृत अवधारणापत्र बमोजिम विभिन्न समितिहरुमा जिम्मेवारी तोकी कार्य भइ रहेको र सो अनुसारको तयारी अन्तिम चरणमा रहेको जानकारी भयो ।सम्मेलन तयारीका बाँकी कामहरु समयमै सम्पन्न गरी राष्ट्रिय सम्मेलनलाई व्यवस्थित रुपमा सञ्चालन गर्न पहल गर्ने ।

३. विविधः

(क) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ मा अनुसन्धान अधिकारी तोकेपछि त्यसको जानकारी सम्बन्धित सरकारी वकील कार्यालयलाई समेत दिनु पर्ने व्यवस्था भएकोमा मुद्दाका फाईलहरुबाट सो जानकारी सम्बन्धित सरकारी वकील कार्यालयमा दिने गरेको नदेखिएकोले उक्त कानूनी व्यवस्था अनुसार अनुसन्धान अधिकारी तोक्नासाथ सो को जानकारी सम्बन्धित सरकारी वकील कार्यालयलाई दिनका लागि प्रहरी प्रधान कार्यालयले अपराध अनुसन्धान गर्ने सम्पूर्ण प्रहरी युनिट (कार्यालयहरु) लाई निर्देशन दिने ।

(ख) केही घटनाका सम्बन्धमा लामो समयसम्म अनुसन्धान नगरी केवल अनुसन्धान अधिकृत मात्र परिवर्तन गर्ने कार्य गरी मुद्दाको हदम्याद समाप्त हुने अवस्था भएपछि अभियुक्तको मृत्यु पश्चात अनुसन्धान प्रतिवेदन पेश गरेको सम्बन्धमा जानकारी हुन आयो ।वारदात घटेको १७ वर्षपछि प्रतिवादीको मृत्यु भएको र तत्पश्चात निज कसूरदारले वारदात घटाएको निष्कर्ष सहित कसूरदारको मृत्यु भएको भनी मुद्दा नचालाउने गरी अनुसन्धान प्रतिवेदन पेश भएको देखिन्छ ।कसूर कायम गर्ने तर कसूरदारलाई निजको जीउज्यान हुँदासम्म कारवाही नगरी मृत्यु पछि मात्र मुद्दाको कारवाही अगाडि बढाउँदा दण्डहिनताले प्रश्रय पाउने र पीडितले न्याय नपाउने अवस्था हुँदा यस तर्फ अनुसन्धान र अभियोजनकर्ता सजग र संवेदनशिल हुनु पर्ने देखिन्छ । तसर्थ आगामी दिनमा यस्तो अवस्था हुन नदिन घटना घटनासाथ आवश्यक अनुसन्धान गरी प्रमाण संकलन गर्न प्रर्याप्त सजगता अपनाउन मातहतका प्रहरी र सरकारी वकील कार्यालयहरुलाई निर्देशन दिने ।

(ग) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ भित्र नपरेका मुद्दाको जाहेरी लिई अनुसन्धानको कारवाही गरेको सम्बन्धमा जानकारी हुन आयो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अनुसूची १ वा २ अन्तर्गतका मुद्दामा नेपाल सरकारलाई वादी कायम गरी मुद्दाको कारवाही चलाइने व्यवस्था रहेको छ ।उक्त व्यवस्थालाई मध्यनजर गरी सरकारवादी मुद्दाको कारवाही गर्नु पर्ने जिम्मेवारी र दायित्व रहेको अवस्थामा अनुसूची १ वा २ अन्तर्गत पर्ने नदेखिएको अवस्थामा समेत जाहेरी लिई अनुसन्धान गरेकोले न्यायिक कारवाही अनिश्चित हुने र न्याय मर्न सक्ने

अवस्था आउने हुँदा सोतर्फ सचेत रही कार्य सम्पादन गर्न प्रहरी र सरकारी वकीललाई निर्देशन दिने ।

(घ) परिवर्तित नाम थर हुम्ला ६७ (क) १ को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रत्न वुढाथोकी समेत भएको हुम्ला जिल्लाको सर्के गाँउ गा. पा. वडा नं. ६ मा घटेको मिति २०७६।४।२१ गतेको सामूहिक जबरजस्ती करणीको वारदातमा मिति २०७६।५।२६ गते हुम्ला जिल्ला अस्पतालबाट पीडित ६७ (क) को स्वास्थ्य परीक्षण हुँदा Hymen Intact र अन्य भागमा समेत सामान्य रहेको भन्ने प्रतिवेदन प्राप्त भएको देखिन्छ। सोही वारदातमा निजको भेरी अञ्चल अस्पतालबाट भएको स्वास्थ्य परीक्षणमा Old Hymen tear at 3 o'clock and 10 o'clock भन्ने परीक्षण प्रतिवेदनमा उल्लेख छ । उक्त प्रतिवेदनको फरक अवस्थाले मुद्दामा असर पर्ने र पीडितले न्याय पाउने वा नपाउने सम्बन्धमा सारभूत रुपमा फरक पर्ने अवस्था देखिँदा आवश्यक छानवीन गरी कारवाही गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाउने र नेपाल मेडीकल काउन्सीललाई समेत जानकारी गराउने ।